जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४३ अंक ३२ २०८१ साल चैत १७ गते आइतवार (30 Mar. 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** आगलागिमा २१ लाख भन्दा ... **पृष्ठ ३ मा :** क्षयरोगलाई सन् २०३५ ... **पृष्ठ ४ मा :** कसरी पछाडि पऱ्यो... **पृष्ठ ५ मा :** मुसहर समुदायले हक, ...

## पत्रकार हत्या तथा संचारगृहमा भएको आगजनी विरुद्ध पत्रकारको प्रदर्शन




**राजविराज**/काठमाडौंको तिनकुनेमा शुक्रवार समाचार संकलन गर्न गएका पत्रकार सुरेश रजकलाई जिउँदै जलाएर मार्ने उपर तथा संचारगृहमा गरिएको आगजनी तथा तोडफोडको बिरोधमा कारवाहीको माग गर्दै सप्तरीका पत्रकारहरुले शनिवार राजविराजमा विरोध प्रदर्शन गरेका छन् ।

पत्रकार राउतको हत्यारालाई कारबाही गर, अराजकता बन्द गर, प्रेस स्वतन्त्रता कायम गर, संचारगृहमा आक्रमण बन्द गर लगायतका प्लेकार्ड व्यानर बोकेर सप्तरीका पत्रकारहरुले विरोध प्रदर्शन गरेका हुन् ।

नेपाल पत्रकार महासंघ सप्तरीबाट निकालिएको विरोध ऱ्याली राजविराजको विभिन्न भाग परिक्रमा गर्दै नेता चौकमा पुगेर बिरोधसभामा परिणत भएको थियो ।

पत्रकारहरुको बिरोध जुलुस नगर परिक्रमा पश्चात स्थानीय जनआन्दोलन चौकमा पुगि बिरोधसभामा परिणत भएको थियो । सभामा वक्ताहरुले घटनाको सत्यतथ्य छानबिन, दोषिलाई कारवाही, पत्रकार रजकलाई न्याय तथा उनका परिवारलाई उचित क्षतिपूर्ती उपलब्ध गराउनु पर्ने माग गरेका थिए ।

बिरोध प्रदर्शनमा पत्रकार महासंघका वर्तमान सभापति श्रवण देवका साथै पूर्व अध्यक्षहरु बैजनाथ झा, धिरेन्द्र साह, प्रेस काउन्सीका पूर्व सदस्य अनिलकुमार अनल तथा संचारकर्मीहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

काठमाडौंमा भएको उक्त घटनापछी शनिबार स्थापना दिवसको अवसरमा आयोजन ागर्ने भनिएको प्रभातफेरी तथा स्वास्थय परिक्षण लगायतका कार्यक्रम समेत स्थगित गरिएको पत्रकार महासंघ शाखाले जनाएको छ ।

एभिन्यूज टेलिभिजनमा फोटो पत्रकारको रुपमा कार्यरत राजकलाई समाचार संकलनको क्रममा आन्दोलनकारीहरुले घरमा ढोका थुनेर बाहिरबाट आगो लगाई जिउँदै जलाएर मारेका थिए ।

## महायज्ञको पूर्व सन्ध्यामा कलश यात्रा



**राजविराज**/राजविराज नगरपालिका ९ मलेठ स्थित श्री रामजानकी पञ्चवटी तिर्थस्थलमा चैत १७ आईतवार देखि शुरु हुने नौ कुण्डिय विष्णु महायज्ञको पुर्व सन्ध्यामा शनिवार सयौंको सहभागितामा कलश यात्रा निकालिएको छ ।

स्थानिय श्री रामजानकी पञ्चवटी तिर्थस्थलबाट निस्केको कलशयात्रामा प्रचण्डगर्मी र घामको परवाह नगरी ठूलो संख्यामा महिला/पुरुष सहभागि भए । सहभागिहरुले सोही तिर्थस्थलमा रहेको पोखरीबाट पवित्र जल भरेर कलश यात्रामा निस्केका थिए ।

महायज्ञ आयोजक मूल समितिका अध्यक्ष समेत रहेका वडाध्यक्ष जवाहर यादवले चैत १७ देखि शुरु हुने महायज्ञका लागि उक्त तिर्थस्थलमा सम्पूर्ण तयारी पुरा भएको जानकारी दिए । विश्वकल्याण हेतु तथा सनातन धर्मको रक्षागर्ने उद्देश्यले नौ कुण्डिय विष्णु महायज्ञको आयोजना गर्न लागिएको उनको भनाई छ । रोचक कुरा के छ भने उक्त रकम सोही वडावासीबाट जुटाउने आयोजकको तयारी छ । "हामी अन्य वडा, पालिका, कार्यालय र संघ संस्था कतैबाट पनि चन्दा र सहयोग लिएका छैनौं, अध्यक्ष यादवले भने,-सबै खर्च वडाकै बासिन्दाबाट जुटाउने काम भइरहेको छ ।"

राजविराज नगरपालिकामा सबैभन्दा बढी जनसंख्या रहेको उक्त वडामा कसैले नगद त कसैले खाद्यान्न, कपडा तथा अन्य सरसामान दिएर सहयोग गरिरहेको उनको कथन छ ।

महायज्ञमा भारत तथा नेपालका ख्याति प्राप्त सन्त महन्थ तथा कथाबाचकको सहभागिता रहने उनले जानकारी दिएका छन् ।

महायज्ञ अवधिभर ५ लाख भन्दा बढी भक्तजन आउने अनुमान गरिएको बताएका उनले भारतको अयोध्याबाट रामकथा बाचिका देवी चन्द्रकला तथा रामजानकी पंचवटी तिर्थ स्थलका पीठाधीश बाबा भूतनाथ र उनका उत्तराधिकारी आचार्य गगन दास लगायतका सन्त महन्थबाट सिताराम नाम जप, राशलिला र रामलिला लगायतका धार्मिक कार्यक्रमहरु हुने समेत उनले जानकारी दिए ।

यज्ञलाई भव्य वनाउनका लागि धार्मिक कार्यक्रमका साथै मनोरञ्जनका लागि झुला, मौतका कुवाँ, सर्कस लगायतका विभिन्न खेल तमाशा समेतको व्यवस्था गरिएको मूल आयोजक समितका सचिव भूपेन्द्र प्रसाद यादवले जानकारी दिए ।

महायज्ञको उदघाटन आयोजक समितिका सल्लाहकार समेत रहेका राजविराज नगरपालिकाका मेयर (हाल निलम्बित अवस्था) भिमराज यादवले गर्ने कार्यक्रम तय भएको उपाध्यक्ष सुरेन्द्र

***बाँकी अन्तिम पृष्ठमा***

## पत्रकार महासंघद्वारा पाँच बुदे छिन्नमस्ता घोषणा पत्र जारि

**राजविराज**/नेपाल पत्रकार महासंघ, शाखा सप्तरीको समपन्न कार्यसमिति बैठकले पाँच बुदे छिन्नमस्ता घोषणा पत्र जारि गरेको छ ।

चैत १५ गते देशकै प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता भगवती मन्दिर परिसरमा महासंघ अध्यक्ष श्रवणकुमार देवको अध्यक्षतामा सम्पन्न सो बैठकले बिभिन्न निर्णय गर्दै पाँच बुँदे छिन्नमस्ता घोषणा पत्र जारि [redacted] पत्रमा राजविराज-छिन्नमस्ता सडक निर्माणको ठेक्का लागेपनि काम शुरु नगर्दा छिन्नमस्ता मन्दिरमा पूजापाठ एवं दर्शनका लागि आउने श्रद्धालुलाई सास्ती भोग्नुपरिरहेकाले अबिलम्ब या सडक निर्माण गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको छ ।

त्यस्तै छिन्नमस्ता भगवती मन्दिर संरक्षण, सम्वर्द्धन समितिको विधान बनाउन ढिलो हुँदा कामकाज तथा गतिविधी गर्न

***बाँकी अन्तिम पृष्ठमा***

मौसमी फ्लु रोकथामका उपाय ।

- बिरामी भएका व्यक्तिसँग भौतिक दूरी कायम गरौं,
- खोक्दा हाच्छिउँ गर्दा मुख र नाक छोपौं,
- शारीरिक रुपमा सक्रिय बनौं र पौष्टिक खाना खाऔं,
- बिरामी हुँदा सम्भव भएसम्म घरमै बसौं,
- समयसमयमा साबुनपानीले हात धुऔं,
- स्यानिटाइजरको प्रयोग गरौं,
- आँखा, नाक, मुख छोईरहने बानी नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### शिक्षक अभिभावक बनौं

शिक्षक अभिभावक बनेर विद्यार्थीहरुलाई पठनपाठन गराउन सके शिक्षामा केही सुधार आउने छ। अभिभावकको बढी कुरा सुन्ने भएकाले बालबालिकाहरुलाई उनीहरुकै चाहना अनुसार शिक्षकहरु पढाउनेतर्फ अग्रसर हुनुपर्छ। शिक्षकहरु सही ढंगले पढाईलाई निरन्तरता दिन सके बालबालिका पनि सोही बाटोमा हिड्ने कुरामा दुई मत नहोला। बालबालिकाहरुको आफ्नो भविष्य निर्धारण गर्ने बाटो प्रारम्भिक शिक्षाबाटै नै हो। शिक्षकले जसरी ज्ञान दिन्छन् त्यसरी नै उनीहरु ज्ञान हासिल गर्छन्।

उनीहरुलाई कुटेर, गाली गरेर पढाउनुको साटो अभिभावकको रुपमा शिक्षा दिनेतर्फ शिक्षकहरुले अग्रसरता देखाउनु जरुरी छ। शिक्षकहरुले बालबालिकालाई अनुशासनको पाठ पनि सिकाइरहेका हुन्छन्। जसले गर्दा शिक्षाका साथ साथै उनीहरु आफु अनुशासित हुने बारे पनि सबल बन्दै जान्छन्। विद्यालय भनेको शिक्षा हासिल गर्ने मन्दिर हो। यहाँ बालबालिकाहरु आफ्नो प्रारम्भिक शिक्षादेखी लिएर उच्च शिक्षासम्म हासिल गर्छन्। बालबालिकालाई विभिन्न विषयका शिक्षकहरुले ज्ञान दिने कर्तव्य निर्वाहा गरिरहेका हुन्छन्। विद्यालयमा अभिभावक भनेकै गुरु नै हुन्छन्।

शिक्षकले जसरी बालबालिकालाई ज्ञान दिन्छन् त्यसरी नै बालबालिकाहरु अग्रसर हुँदै जान्छन्। यसका लागि विद्यालयमा सबैभन्दा पहिला गुरुहरु गम्भिर बन्नु आवश्यक छ। अनि मात्र उनीहरुकै सिकाईमा बालबालिकाहरु अब्बल बन्न सक्छन्। तसर्थ बालबालिकाहरुलाई अभिभावक बनेर पठनपाठन गराउनु पर्ने अहिलेको आवश्यकता रहेको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# आगलागिमा २१ लाख भन्दा बढीको क्षति

## आगो निभाउने क्रममा एक घाइते, दुई चौपाया जले

**राजविराज**/सप्तरीको विभिन्न स्थानमा गत साता आगलागि हुँदा २१ लाख भन्दा बढी मुल्य बराबरको क्षति भएको छ। आगो निभाउने क्रममा एक जना जलेर घाइते भएका छन् भने दुई वटा चौपाया जलेर मरेका छन्।



जिल्लाको सप्तकोशी नगरपालिका ५ गंगाजलीमा बुधबार राती भएको आगलागिमा १५ लाख मुल्य बराबरको क्षति भएको छ। सोही आगो निभाउने क्रममा घरधनी सोमप्रसाद आचार्य घाइते भएका छन्। आगो निभाउने क्रममा उनको हात, खुट्टा र शरीर जलेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

आचार्यकै गाईगोठमा बालेको आगो सल्केर गाईगोठ पुर्ण रुपमा जलेर क्षति भएको छ भने उनको दुई तल्ले घरको समेतमा आशिंक क्षति हुँदा १५ लाख मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ। सोही आगोमा एउटा पाडा र दुई वटा बाख्रा समेत जलेर मरेको छ।

यस्तै राजबिराज नगरपालिका वडा नं. १५ मुसहरनियामा सोमबार राती आगलागि हुँदा तीन लाख मुल्य बराबरको क्षति भएको छ। स्थानीय शत्रुधन मण्डलको गोठ घरमा बालेको घुरबाट अचानक सल्केको आगोले गोठसहित एक तल्ले घर घर भित्र रहेको लत्ता कपडा अन्नपात भाडा बर्तन, काठपात पुर्ण रुपमा जल्दा तीन लाख मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

यसैगरि जिल्लाको सुरुङ्गामा आइतबार बिहान भएको आगलागिमा दुई व्यक्तिको घर जलेर नष्ट हुँदा ३ लाख ७९ हजार मुलय बराबरको क्षति भएको छ। वडा नं. ९ प्रमाणपुर टोल बस्ने काशि मण्डलको गोठघरमा लामखुट्टे धपाउन बालेको घुरबाट सल्केको आगोले मण्डलको एक तल्ले घरको दुई वटा कोठा र एउटा साईकल जलेर नष्ट हुँदा ६७ हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

आगलागिबाट छिमेकी चन्द्रदेव मण्डलको दुई तल्ले घरको दुई वटा कोठा, घरमा रहेको १ सय १० वटा काठ र एक वटा साईकल जलेर पूर्ण रुपमा जल्दा तीन लाख १२ हजार मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

तीनै स्थानको आगोलाई स्थानिय, नेपाल प्रहरी र सशस्त्र प्रहरीको सहयोगमा पूर्ण रुपमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## उपचारका क्रममा कैदीको मृत्यु

**राजविराज**/राजविराज कारागारका एक कैदीको मृत्यु भएको छ। विगत ५ महिनादेखि बन्दी जिवन बिताई रहेका राजविराज नगरपालिका १ चनौरा पडरिया निवासी ५३ बर्षीय तजमुल मियाँको मंगलबार उपचारको क्रममा मृत्यु भएको हो।

कारागारका जेलर प्रवीण कुमार अधिकारीका अनुसार सोमबार राति १० बजेतिर अचानक बिरामी परेका उनलाई स्थानिय गजेन्द्रनारायण सिंह अस्पतालमा भर्ना गराईएको थियो। तर, स्वास्थ्य अवस्थामा सुधार नदेखिएपछि रेफर गरिएका उनको धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मंगलबार बिहान ८ बजेतिर उपचारकै क्रममा उनको मृत्यु भयो।

मृतक मियाँ मधुमेह र उच्च रक्तचापका बिरामी थिए। मंगलबार नै पोष्टमार्टम गरि शव आफन्तलाई जिम्मा लगाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योगको आरोपमा उनी सप्तरी जिल्ला अदालतमा आफै उपस्थित भएपछि २०८१ कार्तिक ११ गते पुर्पक्षका लागि कारागार चलान भएका थिए।

यसअघि चार महिना अघि किर्ते जालसाज मुद्दामा पुर्पक्षका लागि सोही कारागारमा बन्दी जिवन बिताईरहेका सप्तरीको शम्भुनाथ नगरपालिकाका ५९ बर्षीय रामप्रकाश शरण चौधरीको पनि बिरामी परी विराटनगरस्थित नोबेल अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको थियो।

## मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु, पछाडी सवार अर्का घाइते

**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिका १० बदगामा बुधबार राती मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ भने पछाडी सवार अर्का व्यक्ति घाइते भएका छन्।

पुर्व पश्चिम राजमार्ग अन्तरगत उक्त सडक खण्डमा आफै अनियन्त्रित भई मोटरसाइकल दुर्घटना हुँदा कंचनरुप नगरपालिका १२ रुपनगर निवासी २७ वर्षिय मोटरसाइकल चालक बिक्रम बञ्जराको मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार भारदहबाट कंचनपुरतर्फ आउदै गरेको प्रदेश २-०२-०१६ प १२५ नं को मोटरसाइकल आफै अनियन्त्रित भई पल्टिदा चालक बञ्जरा र पछाडि सवार जिल्लाकै रुपनी गाउपालिका ४ बस्ने ३४ वर्षिय संतोष ईसर घाइते भएका थिए।

घटना पश्चात् इलाका प्रहरी कार्यालय कंचनपुरबाट गएको प्रहरी टोलीले गम्भिर घाइते भएका दुवैलाई बिराटनगरस्थित नोबेल अस्पताल बिराटनगर पठाएको थियो। सोही अस्पतालमा घाईते मध्ये मोटरसाइकल चालक बञ्जराको उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

अनुरोधकर्ता
शम्भुनाथ नगरपालिका, सप्तरी

# क्षयरोगलाई सन् २०३५ सम्म जनस्वास्थ्य समस्याबाट हटाउन सकिन्छ



राजेश कुमार यादव

**"यदी पर्याप्त लगानीको प्रतिबद्धता र स्वास्थ्य सेवाको सुनिश्चिता कायम गरियो भने, साथै हामी सबैको सक्रिय सहभागिता र सहकार्य सुनिश्चित भएमा क्षयरोगलाई जनस्वास्थ्य समस्याका रूपमा अन्त्य गर्न सकिन्छ।**

नेपालमा पनि यो वर्ष 'हो ! हामी क्षयरोग अन्त्य गर्न सक्छौं । लगानीको प्रतिबद्धता र सेवा प्रवाशको सुनिश्चितता, आजको आवश्यकता' भन्ने नाराको साथ विश्व क्षयरोग दिवस मनाइँदै छ र हरेक वर्ष २४ मार्चका दिनमा विश्वभरी नै विभिन्न कार्यक्रमको आयोजना गरी विश्व क्षयरोग दिवस मनाइन्छ। सन् २०५० सम्ममा क्षयरोग विहिन विश्वको परिकल्पना साकार पार्नको लागि आजबाट नै क्षयरोग निदान र क्षयरोगको सफलता दर बढाई, क्षयरोग सर्ने प्रकृयालाई कम गर्दै गएको खण्डमा भविष्यमा क्षयरोगलाई जनस्वास्थ्यको समस्याबाट हटाउन सकिन्छ ।

क्षयरोग एक सरुवा रोग हो, जसले संक्रमित व्यक्तिबाट सजिलै अरूमा सर्न सक्छ। विश्वभरी नै यो प्रमुख जनस्वास्थ्य समस्याका रूपमा रहेको छ, विशेष गरी नेपालजस्ता विकासोन्मुख राष्ट्रहरूमा यसले गम्भीर चुनौतीहरू सिर्जना गरेको छ। त्यसैले, यदी पर्याप्त लगानीको प्रतिबद्धता र स्वास्थ्य सेवाको सुनिश्चिता कायम गरियो भने, साथै हामी सबैको सक्रिय सहभागिता र सहकार्य सुनिश्चित भएमा क्षयरोगलाई जनस्वास्थ्य समस्याका रूपमा अन्त्य गर्न सकिन्छ ।

**क्षयरोगको वर्तमान अवस्था**

**विश्वको अवस्था**

विश्व स्वास्थ्य संगठनको ग्लोवल टिबी रिपोर्ट २०२४ को प्रतिवेदन अनुसार सन् २०२३ मा ८.२ मिलियन क्षयरोगका बिरामी उपचारमा रहेका थिए (हाल सम्म विश्वमा सबैभन्दा बढी क्षयरोग पत्ता लागेको वर्ष) र त्यस मध्ये ४५ प्रतिशत दक्षिण पूर्वी एशिया, २४ प्रतिशत अफ्रिका, १७ प्रतिशत प्रशान्त क्षेत्र, ८.६ प्रतिशत मध्यपूर्व, ३.२ प्रतिशत अमेरिका र २.१ प्रतिशत यूरोपमा रहेका छन्। विश्वका ८ वटा देशमा मात्र क्षयरोगका दुई तिहाई बिरामीहरु रहेका छन् जस्मा २६ प्रतिशत भारत, १० प्रतिशत इन्डोनेशिया, ६.८ प्रतिशत चीन, ६.८ प्रतिशत फिलिपन्स, ६.३ प्रतिशत पाकिस्तान, ३.५ प्रतिशत बंगलादेश, ४.६ प्रतिशत नाइजेरीया र ३.१ प्रतिशत डेमोक्रेटिक रिपब्लिक अफ कङ्गो जस्ता देशहरु पर्दछन्। सन् २०२३ मा क्षयरोगबाट १.६ मिलियन बिरामीको मृत्यु भएको थियो र विश्वभरी चार लाख पचास हजार क्षयरोगका बिरामीहरुमा औषधि प्रतिरोधी क्षयरोगको विकास भएको थियो ।

क्षयरोगको गम्भीर प्रभाव मृत्यु दरमा पनि देखिएको छ। सन् २०२३ मा मात्रै क्षयरोगका कारण १.६ मिलियन (१६ लाख) मानिसहरूले ज्यान गुमाएका थिए, जसले यो रोग अझै पनि विश्वका लागि गम्भीर स्वास्थ्य संकटको रूपमा रहेको पुष्टि गर्छ ।

त्यसैगरी, औषधि-प्रतिरोधी क्षयरोग पनि गम्भीर चिन्ताको विषय बनेको छ। सन् २०२३ मा मात्रै विश्वभर ४.५ लाख क्षयरोग संक्रमितहरूमा औषधिप्रति प्रतिरोधी स्वरूप विकास भइसकेको पाइएको थियो। यसको अर्थ परम्परागत उपचार पद्धति मात्र प्रभावकारी नभएर थप प्रविधियुक्त तथा विशेष उपचार रणनीति आवश्यक पर्दछ।

यी तथ्याङ्कहरूले क्षयरोग नियन्त्रणका लागि अझै पनि सशक्त उपायहरू अपनाउनुपर्ने देखाउँछ। विशेष गरी, दक्षिणपूर्वी एशिया र अफ्रिकी क्षेत्रहरूमा क्षयरोग उन्मूलनका लागि प्रभावकारी नीति, पर्याप्त लगानी, नवीनतम उपचार विधिहरू, र सशक्त जनचेतना कार्यक्रमहरू सञ्चालन गर्नु अत्यावश्यक छ।

**नेपालको अवस्था**

नेपालमा कुल जनसंख्याको ४५ प्रतिशत व्यक्तिहरु क्षयरोगबाट संक्रमित भएका र तिनीहरु मध्ये करीब ६० प्रतिशत वयश्क व्यक्तिहरु रहेको अनुमान गरिएको छ। "राष्ट्रिय क्षयरोग प्रिभ्यालेन्स सर्वे २०१९" को प्रतिवेदन अनुसार नेपालमा क्षयरोगीको संख्या प्रति वर्ष ६९ हजार देखिन्छ भने प्रति एक लाख जनसंख्यामा २४५ क्षयरोगका बिरामीहरु छन्। आ.व. २०८०/८१ मा कुल ४०७७५ जना क्षयरोगका बिरामीहरु उपचारमा रहेका थिए, त्यस मध्ये ४७.९५ प्रतिशत मधेश प्रदेश र बागमती प्रदेशमा रहेको तथ्याङ्कले देखाउँछ। आ.व. २०७९/८० मा कुल १२३७ जना मानिसको क्षयरोगबाट मृत्यु भएको थियो र क्षयरोगको सफल उपचार दर ९२ प्रतिशत छ। विश्व स्वास्थ्य संगठनको ग्लोवल टिबी रिपोर्ट २०२३ को प्रतिबेदन अनुसार सन् २०२२ मा नेपाल विश्वमा ३० औं वहुऔषधी प्रतिरोध क्षयरोग बिरामी भएको देशमा पर्छ।

**क्षयरोगका प्रकार**

१. फोक्सोमा लाग्ने क्षयरोग

२. फोक्सो बाहेक शरीरको अन्य भागमा लाग्ने क्षयरोग

**क्षयरोगका मुख्य लक्षणहरु**

- दुई हप्ता वा सो भन्दा बढी समयसम्म लगातार खोकी लागी रहनु
- साँझपख हल्का ज्वरो आउनु र पसिना आउनु
- छाती दुख्नु र सास फेर्न गाह्रो हुनु
- रगत सहित वा रहित खकार खोक्नु
- खाना खान मन नलाग्नु
- तौल घट्दै जानु र थकाई लाग्नु

**सम्भावित क्षयरोगको जोखिम समूह**

- खकारमा कीटाणु देखिएका र बहुऔषधि प्रतिरोधी क्षयरोगका बिरामीको सम्पर्कमा रहेका व्यक्तिहरु
- कुपोषित बालबालिकाहरु
- एचआइभी संक्रमित व्यक्तिहरु
- मधुमेहका बिरामीहरु
- छातीको एक्सरेमा समस्या देखिएका बिरामीहरु
- क्यान्सर लागेका बिरामीहरु
- लामो समयसम्म औषधि खाइरहेका बिरामीहरु
- ज्येष्ठ नागरिकहरु

यी सबै जोखिम समूहका व्यक्तिहरूमा यदि क्षयरोगका सामान्य लक्षणहरू देखापर्ना साथ तुरुन्तै क्षयरोगको आवश्यक जाँच गरी निदान गर्नुपर्छ। प्रारम्भिक चरणमै रोग पत्ता लगाई उपचार सुरु गर्न सकेमा क्षयरोग निको पार्न सजिलो हुन्छ, साथै यो रोग अन्य व्यक्तिमा सर्ने सम्भावना पनि कम हुन्छ। यदी साधारण क्षयरोगका बिरामीहरूले समयमै उचित उपचार नपाएमा, रोग झन् गम्भीर हुँदै जान्छ र बहुऔषधि प्रतिरोधी क्षयरोगमा परिणत हुने सम्भावना बढ्दै जान्छ। एमडीआर-टिबी सामान्य औषधिले नियन्त्रण गर्न नसकिने जटिल स्वरूपको क्षयरोग हो, जसका लागि विशेष प्रकारका औषधिहरू लामो समयसम्म प्रयोग गर्नुपर्छ। यस्ता बिरामीहरूको उपचारको सफलता दर पनि कम हुने गर्छ, किनभने रोग प्रतिरोधी क्षयरोगलाई नियन्त्रण गर्न कठिन हुन्छ। साथै, उपचार प्रक्रियामा हुने जटिलता, औषधिको असरहरु, उपचारको उच्च खर्च तथा दीर्घकालीन अस्पताल बसाइको आवश्यकताले बिरामी, परिवार र समाजमा थप असर पार्ने गर्छ। यदी समयमै उपचार नपाएमा, बहुऔषधि प्रतिरोधी क्षयरोग जटिल अवस्थामा पुग्न सक्छ, जसले मृत्यु दरलाई समेत उच्च बनाउने गरेको छ। त्यसैले, विशेषगरी जोखिम समूहका व्यक्तिहरूमा क्षयरोगका कुनै पनि लक्षण देखिएमा, तुरुन्तै जाँच गराई उपचार सुरु गर्नु अत्यन्त जरुरी हुन्छ।

सन् २०३५ सम्म क्षयरोगलाई जनस्वास्थ्य समस्याका रूपमा हटाउनका लागि विभिन्न सम्बन्धित निकायहरूले आवश्यक लगानी सुनिश्चित गर्नुपर्ने साथै प्रभावकारी सेवाको उपलब्धता र पहुँचलाई सुनिश्चित गर्न प्रतिवद्ध हुन आवश्यक छ।

**१. संघ सरकार/राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र**

- क्षयरोग अन्त्य गर्नका लागि राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले पर्याप्त मात्रामा आवश्यक औषधिहरू, जिन एक्सपर्ट मेसिन, जिन एक्सपर्ट परीक्षण केन्द्रहरूमा आवश्यक सामग्रीहरू, साथै कार्टिरिड्ज लगायतका अन्य आवश्यक स्वास्थ्य उपकरणहरूको सुनिश्चित आपूर्ति गर्न पर्ने।
- यदि यी सबै आवश्यक स्रोतसाधनहरू समयमै उपलब्ध गराउन सकियो भने, क्षयरोगको शीघ्र पहिचान गर्न सहज हुनेछ, जसका कारण रोगको प्रारम्भिक अवस्था मै निदान गरी शीघ्र उपचार थाल्न सकिन्छ। यसले उपचारको सफलता दरलाई वृद्धि गर्न मात्र नभई रोगको गम्भीर रूप, जस्तै बहुऔषधि प्रतिरोधी क्षयरोग फैलिन नदिन पनि महत्वपूर्ण भूमिका खेल्न सक्छ ।
- प्रभावकारी निदान र उपचार सेवाहरूको सँघ सरकार/ राष्ट्रिय क्षयरोग नियन्त्रन केन्द्रेको सुनिश्चितताले क्षयरोग संक्रमित व्यक्तिहरूको स्वास्थ्य सुधार हुनुका साथै समुदायमा रोगको संक्रमण दर पनि घट्नेछ, जसले क्षयरोग जनस्वास्थ्यको समस्याका रुपबाट हटाउन मद्दत गर्नेछ।

**२. प्रदेश सरकार**

- क्षयरोग अन्त्य गर्नका लागि प्रदेश सरकारले विभिन्न रणनीतिक उपायहरू अवलम्बन गर्न आवश्यक छ। यस अन्तर्गत, स्वास्थ्यकर्मीहरूको क्षमतावृद्धि गर्नका लागि नियमित रूपमा क्षयरोगसम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्छ, जसले स्वास्थ्यकर्मीहरूले रोग पहिचान, निदान तथा उपचार प्रक्रियामा दक्षता अभिवृद्धि हुनेछ।
- उच्च जोखिम समूहमा क्षयरोग खोजपडताललाई प्रभावकारी बनाउन पार्टेबल एक्स-रे र जिन एक्सपर्ट प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्नुपर्छ। यी प्रविधिहरू प्रयोग गर्दा क्षयरोगको समयमै र सही पहिचान गर्न सकिन्छ, जसले गर्दा उपचार प्रक्रियालाई समयमै सुरु गर्न सकिनेछ।
- आवश्यकता अनुसार विभिन्न अस्पतालहरूमा गुणस्तरीय माइक्रोस्कोपको व्यवस्था गरी प्रयोगशालाहरूलाई थप सुदृढ बनाउनु जरुरी छ। यसले क्षयरोग परीक्षणको दर बढाउनुका साथै रोग निदान प्रक्रिया सरल हुनेछ।
- सरकारी तथा निजी अस्पतालहरूमा क्षयरोगका सम्भावित बिरामीहरूलाई अनिवार्य रूपमा क्षयरोग परीक्षण गराउने पहल हुनुपर्छ। यसका लागि स्वास्थ्य संस्थाहरूसँग सहकार्य गर्दै प्रभावकारी नीति निर्माण गर्नु आवश्यक छ।
- क्षयरोग नियन्त्रण कार्यक्रमको प्रभावकारिता सुनिश्चित गर्न अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुधारका लागि आवश्यक नीति तथा रणनीति तर्जुमा गर्ने।
- क्षयरोग कार्यक्रमलाई निरन्तर सुदृढ बनाउन प्रदेश

***बाँकी चार पृष्ठमा***


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**

**बलान बिहुल गाउँपालिका, सप्तरी**

# कसरी पछाडि पर्‍यो देश ?

**विवश डीसी**

आज केही राष्ट्रहरू तीव्र गतिमा आर्थिक, सामाजिक र प्राविधिक रूपले सम्पन्न साथै शक्तिशाली बन्न सक्नुको पछाडि उनीहरुले अवलम्बन गरेका नीति तथा कार्यक्रम नै जिम्मेवार छन्। देशलाई समृद्ध बनाउन यथार्थपरक, सन्तुलित, वस्तुवादी र दूरदर्शी नीति तथा कार्यक्रम र त्यसलाई कार्यान्वयन गर्ने नेतृत्व आवश्यक हुन्छ।

राणाशासन हटाउनेदेखि आजसम्म नेपाली जनताले थुप्रैपटक आन्दोलन र संघर्ष गरे। आज व्यवस्था बदलिए पनि जनताको आधारभूत आवश्यकता अझै बदलिन नसकेको तितो यथार्थ हामीबिच छलङ्गै छ। विज्ञान र प्रविधिमा विश्वले निकै फड्को मारिसक्दा पनि नेपाली समाज शताब्दियौं पछाडि रुमलिन बाध्य छ। अस्थिर राजनीति, असन्तुलित वा अस्वस्थ शक्ति संघर्ष र केही राजनीतिक नेतृत्वहरूमा देखिएको संकीर्णता र अदूरदर्शिताका कारण नेपाली समाज अगाडि बढ्न सकेको छैन।

अझै पनि कतिपय दलमा पुरातनवादी, गुटवादी, फुटवादी, आत्मकेन्द्रित व्यक्तिवादी प्रवृत्ति देखिन्छ। कतिपय नेताले वैदेशिक शक्तिकेन्द्रहरूसँग हारगुहार गरिरहेको पनि सुन्नमा आउँछ। उनीहरूको स्वार्थ अनुकूलको गोटी बन्दा मुलुक यो अवस्थामा रहेको मेरो बुझाइ छ। यतिसम्म कि सुनसान अँध्यारो रातमा वैदेशिक जासुसी संस्थाका प्रमुखलाई राज्य सञ्चालनको निकायभित्र भव्य स्वागत गर्दै अन्ततः उज्यालो हुन नपाउँदै राष्ट्रियतामा आँच पुग्ने गोप्य तथा महत्त्वपूर्ण सूचना बेचेर आफू र आफ्नो झुन्डको दैनिकी चलाउने कथित राष्ट्रवादी शासकले राज्य चलाएको मुलुक हो हाम्रो मुलुक। त्यति मात्र होइन माफिया र खतरनाक वैदेशिक जासुसी संस्थाहरूले मासिक रूपमा उपलब्ध गराउने दानापानी र दान-दक्षिणाले आफ्नो दैनिकी चलाएर बिहान-दिउँसो चियापसलमा त राति भट्टी पसलभित्र पसेर राष्ट्रवादको डंका पिट्ने भलादमी स्वघोषित राष्ट्रवादी, बुद्धिजीवी, राजनीतिक विश्लेषकले भरिपूर्ण मुलुक हो हाम्रो मुलुक।

सामन्तवादको प्रतीकका रूपमा रहेको निरंकुश राजसंस्था फालेर फेरि नौरङ्गी राजा-रजौटा र सामन्त, नवसामन्तहरूको मध्ययुगीन दासत्त्ववलाई स्वीकार गर्नकै निम्ति हजारौं नेपाली आमाका होनहार सन्तानले आफ्नो जीवन बलिदान गरेर व्यवस्था परिवर्तन गरेको होइन। विडम्बना त्यस्तै भइरहेको छ।

पछिल्लो चरणसम्म आइपुग्दा राजनीति, शासनसत्ता, न्यायप्रणाली, ऐन-कानुन सबैतिर समाजका मुठीभर पहुँचवालाको हालीमुहाली छ। मुलुकमा गणतन्त्र, संघीयता, समावेशिता र धर्म निरपेक्षताको घोषणा भइसके पनि व्यवहारमा अझै ठोस र मूर्त रूपमा त्यसको कार्यान्वयन हुन सकिरहेको छैन। आधारभूत वर्ग तथा समाजका वास्तविक भुईंमान्छेलाई आफ्नो दैनिक जीवनयापनमा एकपछि अर्को समस्या र सास्ती थपिँदै छ।

यसो हुनुको प्रमुख कारण हो– राजनीतिक दलहरूमा देखिएको उही पुरातनवादी, पश्चगामी राजनीतिक चेतना। गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताको खोलभित्र लुकेका परिवर्तनविरोधी, जनविरोधी शक्तिहरूको गलत चलखेल; संस्थागत र नीतिगत भ्रष्टाचार; बिचौलिया, माफिया र राजनीतिक नेतृत्वबिच अवैधानिक साँठगाँठका कारण आज देश यो अवस्थामा पुगेको छ। आज कतिपय नेताको मुखमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशिता, सामाजिक न्याय भन्ने शब्द त छन् तर उनीहरुले भित्रभित्रै उही पुरानो निरंकुश एकदलीय सामन्ती व्यवस्था चाहेको आभास हुन्छ। आफूलाई प्रगतिशील विचारको वाहक तथा अग्रगामी चेतनाको मसिहा ठान्ने राजनीतिक दलका कैयौं नेता-कार्यकर्ता समेत यही मनोदशाद्वारा ग्रसित देखिन्छन्।

समकालीन राजनीतिमा नेपाली जनताको नाङ्गो आँखाले प्रस्ट देख्न र अनुभूति गर्न सक्ने गरी छताछुल्ल छरिएका यस्ता विकृतिका भद्दा नमुनाहरूले अन्ततः राजनीति अत्यन्तै तीव्र गतिमा फोहोरी र प्रदूषित हुँदै गइरहेको छ भन्ने संकेत गर्छ।

नेपाली राजनीतिमा त्याग, निष्ठा, समर्पण, इमानदरिता छँदै छैन भन्ने होइन तर यतिबेला ती निरीह र दबिएको अवस्थामा छन्। बेइमानहरूको बदमासीको छायाभित्र हराउन खोजिरहेको जस्तै फिक्का छन्। राजनीतिको उच्च ओहोदामा सामान्य नागरिकको पहुँच पुग्न सकेको छैन। बरु जाली, झेली, षड्यन्त्रकारी, भ्रष्ट, बेइमान, फन्टुसहरूको एकछत्र हालीमुहाली चलिरहेको छ। लाभका पदहरूमा उनीहरूकै मिलोमतो छ। तल तिनका आसेपासे र पछुवाहरूको एकछत्र दादागिरि चलिरहेको छ। जब राजनीतिक नेतृत्वले राजनीतिक धर्म र न्यूनतम मानवीय संवेदना समेत गुमाउँछ तब देश पछाडि पर्छ र जनतामा निराशा, आक्रोश, उत्तेजना, वितृष्णा मात्रै हो। हाल मुलुकमा त्यस्तै भइरहेको छ। वर्तमान नेपाली समाजको विद्यमान लाजनीतिको नौटङ्की देखेर आधुनिक विज्ञान समेत लजाएको आभास हुन्छ। वर्तमान राजनीतिले देश र जनताको भलो होइन फगत आफू, आफ्नो परिवार, नातागोता, आफ्ना सन्तान र दर-सन्तानको भविष्यलाई सुनिश्चित गर्दै गरेको अनुभूति हुन्छ।

देश र जनताको हितको नारा त कसैको निम्ति पद र पावर हात पार्ने गतिलो माध्यम मात्र बनिरहेको छ। अकुत सम्पत्ति जोड्नका लागि ठगी, तस्करी, झुट, बेइमान, छलछाम, षड्यन्त्र, बदमासी, लुट, पद र पावरको दादागिरी आदि कार्य नै यतिबेला नेपाली राजनीतिको चरित्र बनिरहेको छ। नातावाद, कृपावाद, फरियावादको फेर समातेर, नेताको चाकरी गरेर राजनीतिमा अगाडि बढ्ने पनि यतिबेलाको प्रवृत्ति देखिन्छ। वर्तमान नेपाली राजनीतिक रंगमञ्च र भुँइमान्छेहरूको जिन्दगीलाई गहिरो गरी नियाल्दा यस्तै देखिन्छ। राजनीतिमा त्याग, निष्ठा, समर्पण, इमान, नैतिकता आदि हराएको आभास हुन्छ।

अकुत पैसा कमाएर पदीय हैसियत खरिद गर्नु र चुनाव जित्नु सामान्य भइसकेको छ। कुनै निर्वाचन क्षेत्रको अनुमानित चुनावी खर्च र निर्वाचन आयोग परिसर बहादुर भवनको भौतिक मूल्य उस्तै-उस्तै भइसकेको अनुभूति हुन्छ। राजनीतिमा इमानदार, निष्ठावान् नेता तथा कार्यकर्ताको कुनै मूल्य र महत्त्व छैन। इमानदारहरुले त सधैं हेपिएको, दबिएको अनुभूतिसहित जीवन बाँचिरहेका हुन्छन्। बेइमानहरुकै हालीमुहाली हुँदा इमानदारहरुको प्रगति र उन्नतिको ढोकामा चुकुल लाग्दै जान्छ। यसरी इमानदारहरु सबै पाटापक्षबाट पलायन हुन बाध्य हुन्छन्। कुनै लेखक तथा पत्रकारले पलायन भएका इमानदार नेता तथा कार्यकर्ता र थुप्रै भुइँमान्छेहरूको दयनीय कहानी लेखेर आफैं सम्भ्रान्त बन्ने क्रम चलिरहन्छ।

भनिन्छ, राजनीति जोगी हुनलाई गरिएको होइन तर जबसम्म राजनीति सेवा नभई पेसा व्यवसाय बन्छ, त्यसको आशय वा लक्ष्य नाफा अनि मुनाफा कमाउने भन्नेतिर जान्छ। हाम्रो समाज र टोलछिमेकमा हाल यही भइरहेको छ। यो अवस्थालाई नबुझी नयाँ पुस्ता राजनीतिमा नपसेकै वेश।

वर्तमान नेपाली राजनीतिमा इमानदारिता, त्याग, निष्ठा, समर्पण, क्रियाशीलता, निरन्तरता र प्रतिवद्धताको आवश्यकता छ। राजनीतिक दलहरुले देशको उत्पादन बढाउनतिर ध्यान दिइरहेका छैनन्। आत्मनिर्भर अर्थतन्त्र र अग्रगामी राजनीतिक चेतनासँग जोडिएको आर्थिक समृद्धि नै आजको आवश्यकता हो। अग्रमनको विकल्प प्रतिगमन तथा पश्चगमन अनि क्रान्तिको विकल्प प्रतिक्रान्ति कहिल्यै हुन सक्दैन। सुशासन, समृद्धि र सामाजिक न्याय सहितको सम्मुनत समाजवाद अबको आवश्यकता हो। नेपाली समाजले युगौंसम्म झेल्दै आएको एक दलीय निरंकुशता होइन। बरु नेपाली राजनीतिका गुरु-शिष्यले राजनीतिलाई बुझ्ने र समसामयिक रूपमा समाजलाई हेर्ने, बुझ्ने र ठम्याउने सामाजिक चेतना सोहीअनुरूप बदलिन जरुरी छ।

अन्त्यमा समाजका असली भुइँमान्छेले राष्ट्र, जनता र समाजप्रति कहिल्यै घात गर्न सक्दैनन्। उनीहरुले आफ्नो भौतिक जिन्दगीभन्दा राष्ट्र र समाजलाई नै माथि देख्छन्, ठुलो ठान्छन्। यसप्रति सबैले समयमै महसुस गर्न जरुरी छ।

रातोपाटीबाट

## क्षयरोगलाई सन्...

स्तरिय समय समयमा समीक्षा बैठक आयोजना गरी कार्यान्वयनका चुनौतीहरू पहिचान गर्दै आगामी योजनाहरू निर्माण गर्ने। यस्ता कार्यहरुको प्रदेश सरकारबाट सुनिश्चितता तथा प्रतिबद्ध भयो भने क्षयरोग नियन्त्रण प्रयासलाई थप व्यवस्थित, प्रभावकारी र दिगो बनाउन मद्दत गर्नेछ।

**३. स्थानीय तह**

– स्थानीय तहले क्षयरोग नियन्त्रणका लागि क्षयरोग मुक्त अभियानमा कार्यक्रममा सक्रिय भूमिका खेल्न आवश्यक छ। यसका लागि क्षयरोग खोजपडताललाई प्रभावकारी बनाउन टोल-टोलमा पुगेर सम्भावित बिरामीहरूको पहिचान तथा आवश्यक परीक्षण गर्ने व्यवस्था मिलाउनुपर्छ साथै नजिकको निदान हुने ठाउँमा खकार ढुवानिको व्यवस्थापन समेत गर्नु पर्छ। यस कार्यलाई निरन्तर र व्यवस्थित रूपमा सञ्चालन गर्न स्थानीय सरकारले पर्याप्त बजेट विनियोजन गर्नु आवश्यक छ।

– क्षयरोगबाट प्रभावित बिरामीहरूलाई नियमित रूपमा औषधि सेवन गराउने तथा उपचारलाई निरन्तरता दिनका लागि आवश्यक परामर्श, पोषण सहायता, मनोवैज्ञानिक सहयोग तथा अन्य आवश्यक सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने। यसका लागि स्वास्थ्यकर्मी, स्वयंसेवक, समुदायका अगुवा तथा सम्बन्धित निकायहरूसँग सहकार्य गरी प्रभावकारी अनुगमन प्रणाली विकास गर्ने।

– क्षयरोगको उच्च जोखिममा रहेका समूहहरू जस्तै कुपोषित बालबालिका, एच.आई.भी संक्रमित व्यक्ति, मधुमेहका बिरामी, वृद्धवृद्धा, तथा अन्य जोखिमयुक्त समूहहरूमा क्षयरोगको प्रारम्भिक अवस्था पहिचान गरी समयमै आवश्यक निदानको लागि प्रदेश तथा गैर सरकारी सँस्थाहरु सँग सहकार्य तथा समन्वय गर्ने।

– गाउँ-गाउँमा क्षयरोगसम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरी स्थानीय समुदायलाई क्षयरोगको कारण, लक्षण, रोकथामका उपाय, उपचार प्रक्रिया, र नियमित औषधि सेवनको महत्त्वबारे जानकारी गराउने। रेडियो, नाटक, पर्चा, पोस्टर, तथा सामुदायिक छलफल जस्ता विभिन्न माध्यमबाट जनचेतना अभिवृद्धि गर्ने, जसले क्षयरोगसम्बन्धी भ्रम हटाउन तथा समुदायलाई सचेत बनाउन मद्दत गर्नेछ।

– क्षयरोगबाट प्रभावित बिरामीहरूका लागि आत्मनिर्भर जीवनयापनको अवसर सिर्जना गर्न सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्ने। सिलाइ-बुनाइ, कृषि, पशुपालन, लघु उद्यम, तथा अन्य व्यावसायिक सीपहरू सिकाएर उनीहरूलाई आर्थिक रूपमा सक्षम बनाउने वातावरण तयार गर्ने। यसले बिरामीहरूलाई आत्मनिर्भर बनाउनुका साथै उपचारपछि पुनः स्वस्थ जीवनशैली अवलम्बन गर्न सहयोग पुर्‍याउँनेछ।

– यदि यी सबै कार्यहरूलाई स्थानीय तह सरकारले सुनिश्चित गर्दै आवश्यक नीति तथा कार्यक्रमहरू लागू गर्न प्रतिबद्धता जनायो भने, क्षयरोग नियन्त्रण तथा उन्मूलनका प्रयासहरू थप व्यवस्थित, प्रभावकारी र दिगो बन्न सक्नेछन्। स्थानीय तहको सक्रिय सहभागिताले समुदायस्तरमै क्षयरोगको पहिचान, रोकथाम, र उपचारलाई तीव्र गतिमा अघि बढाउन मद्दत गर्नेछ, जसले नेपाललाई क्षयरोगमुक्त राष्ट्र बनाउने लक्ष्य प्राप्त गर्न महत्वपूर्ण योगदान पुर्‍याउनेछ।

**४. गैर सरकारी तथा निजि संस्थाहरु**

– क्षयरोग बिरामीहरूलाई आवश्यक पोषण सहायता तथा मनोवैज्ञानिक परामर्श प्रदान गर्न गैरसरकारी तथा निजी संस्थाहरूले विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक छ।

– निजी अस्पताल तथा क्लिनिकहरूले फोक्सको क्षयरोगक परीक्षण तथा क्षयरोगको उपचार सेवाहरू निशुल्क उपलब्ध गराउन प्रतिबद्धता गर्नु पर्ने।

– सीपमूलक तालिम (जस्तैः सिलाइ-बुनाइ, साना उद्यम, कृषि, आदि) प्रदान गरी क्षयरोग निको भइसकेपछि बिरामीहरूलाई आत्मनिर्भर बनाउने कार्यक्रम सञ्चालन गर्ने।

– सरकारी, गैरसरकारी तथा निजी संस्थाहरूले यी क्षेत्रहरूमा सक्रिय भूमिका निर्वाह गरेमा, क्षयरोगलाई जनस्वास्थ्य समस्याका रूपमा हटाउन सकिन्छ साथै यस्ता प्रयासहरूलाई अझ प्रभावकारी र दिगो बनाउन सहज हुनेछ। सबै पक्षको सहकार्यले नेपाललाई सन् २०३५ सम्म क्षयरोगलाई जनस्वास्थ्य समस्याबाट मुक्त गराउन सकिनेछ, साथै सन् २०५० सम्म क्षयरोगमुक्त राष्ट्र बनाउने लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुग्नेछ। (जनस्वास्थ्यकर्मी यादव पोखरा विश्वविद्यालयका उपप्राध्यापक हुन्) स्वास्थ्य खबरबाट


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

# मुसहर समुदायले हक, अधिकार, पहिचान लगायत सशक्त अभियानका लागि सारे १२ बुदे माग

**राजविराज**/नेपाल राष्ट्रिय मुसहर संघ सप्तरीले मुसहर समुदायको हक, अधिकार, पहिचान तथा सर्वाङ्गीण विकास सुनिश्चित गराउने अभियानलाई सशक्त बनाउने उद्देश्यले १२ बुदे माग राखेका छन् ।

मुसहर संघ सप्तरीका अध्यक्ष शिवदेव सदाद्वारा जारि विज्ञप्तिमा मुसहर आयोग गठन र मुसहर समुदायको हकहितका लागि विशेष आयोग गठन गरी नीतिगत सुधार गर्नलगायत १२ बुँदे माग अघि सारिएको उल्लेख छ ।

विज्ञप्तिमा नेपालको सबैभन्दा पछि पारिएको समुदायमध्ये एक मुसहर जातिको हक अधिकार पहिचानलाई बलियो बनाउन तथा नेपालमा मुसहर जात आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, तथा राजनीतिक रूपमा निकै पछाडि पारिएको भन्दै यी क्षेत्रमा राज्यको उपेक्षा र विभेदकै कारण मुसहर जातअझै पनि गरिबी, अशिक्षा, भूमिहीन र अवसर विहीनताको चक्रमा झेलिएको जिकिर गरिएको छ ।

मुसहरको सुकुम्बासी समस्या समाधान, मुसहर समुदायको लागि निःशुल्क जग्गा उपलब्ध र स्थायी बसोबासकी सुनिश्चितता, मुसहर समुदायका विद्यार्थीहरूलाई प्राथमिक तहदेखि निःशुल्क उच्च शिक्षा (पिएचडी)को व्यवस्था, रोजगारी र आर्थिक अवस्थाको उत्थानमा विशेष कार्यक्रम लागू गर्न, मुसहर समुदायका युबाहरूलाई रोजगारी, सीपमूलक तालिम, र आर्थिक सहयोग उपलब्ध गराउन, सांस्कृतिक पहिचान र सम्मानको ग्यारेन्टी, मुसहर समुदायको भाषा, संस्कार, परम्परा र सास्कृतिक सम्पदालाई जोगाउन विशेष नीति, मुसहर तथा दलितमाथिको अन्याय अत्याचार बन्द गर्न, सप्तरीका खडक र बोदेबर्साइन नगरपालिकामा दिनाभद्री बाबा मन्दिरका अतिक्रमित जन्मभूमी जग्गालाई फिर्ता गराउन उचित व्यवस्था गर्न माग गरिएको छ ।

यस्तै दिनाभद्री बाबाको सप्तरीमा रहेका विभिन्न स्थलहरु जस्तैः मरौटी (कटैया), जरौटी (सखुवा) र जन्मस्थल (ढोलबजा, योगिया-वैरिया) जस्ता धरोहर हाल गैरजातहरुले कब्जा गरेर भोगचलन गर्दैजाएका हुदाँ सकुशर फिर्ता गराउन तर्फ पहल र दिनाभद्री बाबाको धनुषा जिल्ला जनकपुर उपमहानगरपालिमा रहेका दिनाभद्री स्थल भूमाफियाको कब्जामा रहेकाले मुसहर जातको धरोहर फिर्ता गराउन तर्फ पहल गर्न समेत माग गरिएको छ । विज्ञप्तिमा मुसहर समुदायको अधिकार प्राप्त नभएसम्म संघर्षलाई निरन्तरता दिने उल्लेख छ ।

यस्तै २०८१ चैत २५ गतेदेखि तीन दिनसम्म चल्ने १० औ दिनाभद्री जन्मोत्सव मेला धुमधामका साथ जिल्लाको खडक ८, डोलबजार, बोदेवरसाइन २ योगिया बैरियामा मनाउन गईरहेको जनाइएको छ ।

## चट्याङ लागेर दुई भैसी मरे

**राजविराज**/गत आइतबार बिहान वर्षासँगै परेको चट्याङ लागेर जिल्लाको हनुमाननगर कंकालिनि नगरपालिका १३ गोबरगाढा निवासी जयप्रकाश यादबको गोठमा रहेको दुई वटा भैसीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीको अनुसार वर्षासगै अचानक आएको चट्याङ लागेर गोठमा रहेको दुई वटा भैसीको मृत्यु हुँदा दुई लाख मुल्य बराबरको क्षति भएको छ ।

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकधाममा समर्पित गैर-सरकारी सामाजिक संस्था यस इम्प्याक्ट नेपालका लागि करार सेवामा सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रमका लागि निम्नानुसार पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८१ चैत्र २२ गते कार्यलय समयसम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सामुदायिक स्थलगत कार्यकार्ता (महिला) | छिन्नमस्ता गापा, सप्तरी | १ | HA / Staff Nurse |

द्रष्टव्य:

१. उमेर १८ बर्ष पुरा गरी ४० बर्ष ननाघेको ।

२. दरखास्त बुझाउनु पर्ने स्थान : इम्प्याक्ट नेपालको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं (०१-५३५४६३५, ५३४२९०२) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजबिराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com, मार्फत पनि पठाउन सकिनेछ ।

३. सम्पर्क ठेगाना, इमेल, टेलिफोन नं.उल्लेख भएका दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु साथै हाल सालै खिचेको पासपोर्ट साईजको फोटो पेश गर्नु पर्नेछ ।

४. रितपुर्वक आवेदन दिएका उमेदवारहरुका अन्तर्वाताको लागी सम्पंक गरीनेछ ।

५. अनुभवी तथा स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।

६. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**

**शम्भुनाथ नगरपालिका**

**नगर कार्यापालिकाको कार्यालय**

सप्तरी, मधेश प्रदेश

# अन्तर्राष्ट्रिय समाचार

## म्यानमामा भूकम्पमा परी ज्यान गुमाउनेको संख्या एक हजार नाघ्यो

**म्यान्मा**/म्यान्माको सागिङ सहरमा केन्द्रविन्दु भई म्यान्मा र थाइल्यान्डमा शुक्रबार गएको भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या शनिबार एक हजारभन्दा बढी पुगेको छ भने खोजी तथा उद्धार कार्य जारी रहेको जनाइएको छ । मध्य म्यान्माको सागिङ सहरको उत्तरपश्चिममा शुक्रबार ७.७ म्याग्निच्युडको भूकम्प गएको र त्यसको केही मिनेटपछि ६.७ म्याग्निच्युडको पराकम्प आएको थियो । भूकम्पले म्यान्मामा भवन, पुल र सडकका साथै १७ लाखभन्दा बढी मानिसहरूको घरमा क्षति पुगेको थियो । म्यान्मामा कम्तीमा एक हजार दुई जनाको मृत्यु भएको र करिब दुई हजार ४०० जना घाइते भएको म्यान्मा सरकारले विज्ञप्तिमा जनाएको छ । उक्त भूकम्पको कारण बैङ्ककमा थप १० जनाको मृत्यु भएको र कम्तीमा १०० जना हराइरहेको पुष्टि भएको छ । भुकम्पका कारण सञ्चार प्रणाली अवरुद्ध भएपछि, प्रकोपको वास्तविक तथ्याङ्क सरकारले सार्वजनिक गरिरहेको छ भने मृतकको सङ्ख्या अझै बढ्ने आशङ्का गरिएको छ । विमानस्थल तथा सडकहरु बन्द रहेकाले राहत तथा उद्धार सामाग्री पुऱ्याउने काममा समेत समस्या भइरहेको जनाइएको छ । एजेन्सी

## झडपमा १६ नक्सलवादी लडाकूको मृत्यु

**भारत**/छत्तीसगढको सुकमा जिल्लाको केरलापाल क्षेत्रमा शनिबार भएको मुठभेडमा १६ जना नक्सलवादी सशस्त्र लडाकूको मृत्यु भएको भारतीय प्रहरीले जनाएको छ । झडपका क्रममा दुई प्रहरी जवान घाइते भएको प्रहरी महानिरीक्षक सुन्दरराज पीले बताउनुभयो । अधिकारीहरूका अनुसार जिल्ला प्रहरी र केन्द्रीय प्रहरीले शुक्रबार सुरु गरेको संयुक्त आतङ्कवाद् विरोधी अभियानमा गोप्य सूचनाको आधारमा कारबाही सुरु गरिएको थियो । संयुक्त टोली मार्च २८ मा खोजी अभियानका लागि तैनाथ गरिएको थियो भने गोलीबारी शनिबार पनि जारी छ । संयुक्त टोलीले हाल मुठभेडस्थल तथा वरपरको भुभागमा गहन खोजी गरिरहेको छ । भारतीय गृहमन्त्री अमित शाहले २२ मार्चमा संसदमा ३१ मार्च २०२६ सम्ममा देशबाट नक्सलवादीहरूको उन्मूलन हुने बताउनुभएको थियो । एजेन्सी

## भूकम्प प्रभावित म्यान्मामा भारतीय सहायता

**नयाँदिल्ली**/भारतले मानवीय सहायताका लागि हवाइ मार्गबाट सहयोग पठाएको भारतीय विदेशमन्त्रीले शनिबार बताउनुभएको छ । म्यान्मामा शुक्रबार गएको ७.७ म्याग्निच्युडको शक्तिशाली भूकम्पले व्यापक क्षति पुऱ्याएपछि म्यान्माको सैनिक नेतृत्वप्रति वफादार सरकारले सहयोगका लागि अन्तर्राष्ट्रिय समुदायसँग अपिल गरेको थियो । म्यान्माको जुन्टा प्रमुख मिन आङ ह्लाइङले अन्तर्राष्ट्रिय सहायताका लागि असाधारण दुर्लभ अपिल जारी गर्नुभएको थियो । यसले अहिलेसम्म कम्तीमा एक हजार जनाको मृत्यु भएको र एक हजार ६७० जना घाइते भएको सरकारद्वारा पुष्टि गरिएको विपत्तिको गम्भीरतालाई सङ्केत गरेको छ । विगतका सैन्य सरकार ठूला प्राकृतिक विपत्तिमा पनि विदेशी सहायता झट्ट स्वीकार नगर्ने गरेपनि शुक्रबारको भूकम्पपछि तत्काल अन्तर्राष्ट्रिय सहायताका लागि असाधारण दुर्लभ अपिल जारी गर्नुले म्यान्मामा व्यापक मानवीय तथा भौतिक संरचनाको क्षति भएको अनुमान गर्न सकिन्छ ।

भारतीय विदेशमन्त्री सुब्रमण्यम जयशङ्करले सी-१३० सैन्य परिवहन विमानलाई हाइजिन किट, कम्बल, खाद्यान्नका प्याकेट र अन्य आवश्यक सामग्रीहरू लिएर पठाइएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यस उडानमा खोजी तथा उद्धार टोली र मेडिकल टोली पनि रहेको छ । हामी घटनाक्रमको अनुगमन जारी राख्नेछौं र थप सहयोग पठाउने क्रमलाई जारी राख्नेछौँ । मन्त्रीले सामाजिक सञ्जालमा भारतको राष्ट्रिय विपद् प्रतिकार्य निकायका सदस्यहरूले विमानमा सामान लोड गरिरहेको तस्बिरहरू साझा गरेका छन् । शुक्रबारको भूकम्पले म्यान्माको दोस्रो ठूलो शहर मान्डालेमा भवन, पुल र सडकहरू भत्किएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । अमेरिकी भूगर्भविद्का अनुसार म्यानमामा गएको यो एक शताब्दी यताकै सबैभन्दा ठूलो भूकम्प हो । भूकम्पको केन्द्रविन्दुबाट सयौं किलोमिटर टाढा रहेको थाइल्याण्डको बैङ्ककमा रहेका भवनहरूमा ठूलो क्षति पुगेको छ । एजेन्सी

## वासिङ्टनद्वारा युएसएडको औपचारिक योजनाको घोषणा

**वासिङ्टन**/अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले अमेरिकी अन्तर्राष्ट्रिय विकास संस्था युएसएडलाई प्रभावकारी रुपमा 'पुनर्गठन' गर्ने घोषणा शुक्रबार गरेको छ । मेरिकी विदेश मन्त्री मार्को रुबियोले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "आज विदेश मन्त्रालय र अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएड) ले सन् २०२५ को जुलाई १ सम्ममा विभागलाई युएसएडका केही कार्यहरु पुनः समेट्ने गरी पुनर्गठन गर्ने आफ्नो आशयबारे कङ्ग्रेसलाई सूचित गरेका छन् ।" विदेश मन्त्रालयले प्रशासनको प्राथमिकतासँग मेल नखाने 'युएसएड'का बाँकी कामहरू बन्द गर्ने योजना बनाएको छ," उहाँले भन्नुभयो । "दुर्भाग्यवश यूएसएडका कार्यक्रममा लाभ धेरै कम थियो र लागत धेरै उच्च थियो । संस्था धेरै पहिले नै आफ्नो मूल अभियानबाट पछि हटेको थियो ।"

गत जनवरीमा पदभार ग्रहण गरेपछि रिपब्लिकन राष्ट्रपति डोनाल्ड ट्रम्पले ९० दिनका लागि अमेरिकी वैदेशिक सहायता रोक्का गर्ने कार्यकारी आदेशमा हस्ताक्षर गर्नुभएको थियो । यसपछि युएसएआइडीका विभिन्न कार्यक्रमहरूमा नाटकीय कटौती गरियो र महत्त्वपूर्ण मानवीय सहायताका लागि केही छुटहरू दिइयो । सन् १९६१ मा अमेरिकी कङ्ग्रेसले सिर्जना गरेको स्वतन्त्र एजेन्सीमाथि सहायता रोक्काले स्तब्ध र निराश बनाएको छ । विदेश सम्बन्धसम्बन्धी समितिमा सिनेटका डेमोक्र्याट संसद्हरूले यस कदमको निन्दा गर्दै एक विज्ञप्तिमा भनेका छन्, "पुनर्गठनले 'यूएसएडका कुनै पनि कार्यक्रमहरू कार्यान्वयन गर्न असम्भव मात्र बनाउनेछैन, तर विदेश विभागमाथि थोपरिएको बोझले यसको मूल मिशनमा विशेष व्यवधान निम्त्याउनेछ ।" "यो प्रस्ताव गैरकानुनी, खतरनाक र गलत छ," विज्ञप्तिमा भनिएको छ ।बन्द हुनुअघि युएसएडले करिब ४३ अर्ब अमेरिकी डलरको वार्षिक बजेट व्यवस्थापन गरेको थियो, जुन विश्वको मानवीय सहायताको ४० प्रतिशतभन्दा बढी हो । ट्रम्पले पदभार ग्रहण गरेलगत्तै त्यहाँका अधिकांश कर्मचारीलाई प्रशासनिक बिदामा राखिएको थियो । एजेन्सी

# सञ्चारकर्मी र सञ्चारगृहमाथि भएको आक्रमणबारे अध्ययन गर्न सात सदस्यीय समिति

**काठमाडौँ**/नेपल पत्रकार महासङ्घले तीनकुनेमा शुक्रबार भएको प्रदर्शनमा सञ्चारकर्मीको मृत्यु र सञ्चारगृहमाथि भएको आक्रमणको अध्ययन गर्न सात सदस्यीय समिति गठन गरेको छ ।

महासङ्घको शनिबार राजधानीमा बसेको उपलब्ध पदाधिकारी र केन्द्रीय सदस्यको बैठकले उपाध्यक्ष उमीद बागचन्दको संयोजकत्वमा सात सदस्यीय समिति गठन गरेको हो ।

समितिमा महासङ्घका छ जना सचिव सदस्य रहेका छन् । समितिमा सचिवहरु रमेश खतिवडा, प्रकाश धौलाकोटी, सोनी शर्मा, अशोक तिवारी, वैकुण्ठ पराजुली र सविन प्रियासन सदस्य रहेको महासंघले जनाएको छ ।

समितिले घटनाका पीडित, प्रत्यक्षदर्शी र पीडितका परिवारसँग छलफल गर्नेछ । समितिले घटना के, कसरी भयो ?, अब महासङ्घ कसरी अघि बढ्ने ? लगायत विषयमा सुझावसहितको प्रतिवेदन दिने जनाइएको छ ।

पूर्वराजा समर्थित समूहहरुले शुक्रबार तीनकुने क्षेत्रमा आगलागी, तोडफोडलगायत अराजक गतिविधिमा उत्रेका थिए । प्रदर्शनकारीका कारण एभिन्युज टेलिभिजनका पत्रकार सुरेश रजकको निधन भएको थियो । कान्तिपुर टेलिभिजन र अन्नपूर्ण पोष्ट दैनिकको कार्यालयमा पनि प्रदर्शनकारीले आक्रमण एवं तोडफोड गरेका थिए ।

# तीनकुनेमा भएको घटनाको बिरोध गर्दै पत्रकार आन्दोलित

**काठमाडौँ**/नेपाल पत्रकार महासङ्घले शुक्रबार तीनकुनेमा भएको घटनाको भर्त्सना गर्दै विरोध प्रकट गरेको छ ।

महासङ्घको शनिबार बसेको उपलब्ध केन्द्रीय समितिको आकस्मिक बैठकले शुक्रबारको घटनामा क्षति पुर्‍याइएका सञ्चारगृहको अनुगमन, घाइते सञ्चारकर्मी र हराएका सञ्चार सामग्रीको विवरण सङ्कलन गर्ने, आइतबार कार्यस्थलमा कालोपट्टी बाँधेर काम गर्न सबै सञ्चारकर्मीलाई आह्वान गर्ने निर्णय गरेको छ ।

बैठकपछि जारी विज्ञप्तिमा महासङ्घले घटनाका सम्बन्धमा सोमबार केन्द्रीय समिति, प्रदेश समिति र शाखामार्फत सरकारलाई ज्ञापनपत्र बुझाउने र मङ्गलबार सरोकारवाला सङ्गठनसँग छलफल गर्ने निर्णय गरेको जनाएको छ ।

समाचार सङ्कलनका क्रममा ज्यान गुमाएका पत्रकार सुरेश रजक कार्यरत सञ्चारगृह र उहाँको परिवारसँग छलफल गरी प्रतिवेदन तयार पार्न उपाध्यक्ष उमिदप्रसाद बागचन्दको नेतृत्वमा समिति पनि गठन गरेको जनाइएको छ । उक्त समितिका सदस्यहरुमा महासङ्घका सचिवहरू रमेश खतिवडा, सोनी शर्मा, प्रकाश धौलाकोटी र वैकुण्ठराज पराजुली रहेको महासङ्घका महासचिव रामप्रसाद दाहालले जानकारी दिए ।

महासङ्घले शुक्रबार भएको आन्दोलनमा सहभागी अराजक समूहले लगाएको आगोमा जलेर एक जना पत्रकारको मृत्यु भएको, विभिन्न सञ्चारगृहमा आगजनी र तोडफोड गरिएको, पत्रकार घाइते भएको र सञ्चार सामग्री हराएको घटनाको विरोधमा शनिबार देशव्यापी विरोध प्रदर्शन समेत गरेको छ ।

# कामपाले पूर्वराजालाई तोक्यो सात लाख ९३ हजार जरिवाना

**काठमाडौँ**/काठमाडौँ महानगरपालिकाले तीनकुने क्षेत्रमा शुक्रबार भएको प्रदर्शनका क्रममा रुख, बिरुवा तथा रेलिङ तोडफोड र वातावरण प्रदूषण गरेको भन्दै पूर्वराजा ज्ञानेन्द्र शाहलाई रु सात लाख ९३ हजार जरिवाना तोकेको छ ।

महानगर प्रहरी बलले शाहको समर्थनमा प्रदर्शन भएको तीनकुने क्षेत्रको शनिबार अवलोकन र क्षति मूल्याङ्कन गरी जरिवाना तोकेको नगर प्रहरी नायब उपरीक्षक शिवलाल पौडेलले जानकारी दिए ।

महानगरले प्रदर्शनस्थल आसपाससहित विभिन्न स्थानमा सडक तथा सडकपेटीमा जथाभावी फोहर गरेको कसुरमा रु छ लाख, आगजनी नियन्त्रण गर्न गएको दमकलमाथि ढुङ्गा प्रहार गरी क्षति पुर्‍याएको कसुरमा रु एक लाख तीस हजार, रुख, बिरुवा तथा रेलिङ एवं तीनकुने आइल्याण्डमा तोडफोड कसुरमा रु ६३ हजार जरिवाना र क्षतिपूर्ति तोकेको हो ।

पूर्वराजा शाहसहितको समर्थनमा शुक्रबार भएको प्रदर्शनमा सहभागीले सार्वजनिक तथा निजी सम्पत्तिमाथि तोडफोड र आगजनीसमेत गरेका थिए । त्यस क्रममा प्रहरीसँगको झडपमा परी एक प्रदर्शनकारीको मृत्यु र अर्का एक पत्रकारको दृश्य छायाङ्कनका क्रममा प्रदर्शनकारीले एक व्यापारिक भवनमा लगाएको आगोमा जलेर मृत्यु भएको थियो ।

# गाउँपालिका अध्यक्ष र पूर्ववडाध्यक्ष धरौटीमा रिहा

**सिरहा**/सिरहाको औरही गाउँपालिका-५ मा महायज्ञ गर्न भनी दलितको घरमा डोजर चलाइएको घटनामा पक्राउ परेका औरही गाउँपालिकाका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीपकुमार यादव शुक्रबार धरौटीमा रिहा भएका छन्र ।

जिल्ला अदालत सिरहाका न्यायाधीश विदुर काफ्लेको इजालसले जनही रु एक लाख धरौटीमा थुनामुक्त गर्न आदेश दिएको हो ।

स्रेस्तेदार नीरज पोखरेलका अनुसार जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी कसुरमा मुद्दा दर्ता भएकामा शुक्रबार थुनछुक बहस भएको होर । वैशाख १९ गते अदालतमा हाजिर हुन जिल्ला अदालतले आदेश दिएको छर ।

यही चैत १७ गतेदेखि महायज्ञ लगाउन भन्दै औरही-५ का दलित दीपक मलिक (डोम)को घर गत फागुन १० गते भत्काइएको थियो । महायज्ञ आयोजक समितिका अध्यक्षसमेत रहेका जसपा जिल्ला सदस्य शिवजी यादव र समिति सचिव रहेका दिलीपकुमार यादव गत चैत ८ गते पक्राउ परेका थिएर । दलित परिवारको घरमा डोजर चलाउन निर्देशन दिने महायज्ञका मूल पुजारी बजरंगी बाबा भने फरार छन् ।

### *पत्रकार महासंघद्वारा ...*

बिभिन्न समस्या आइरहेको हुँदा अबिलम्ब विधान बनाएर कार्यान्वयनमा ल्याउन, छिन्नमस्ता मन्दिरको नजिकै छेउमै मदिरा पसलहरु निर्वाद्ध संचालन भइरहेकाले त्यसलाई व्यवस्थित गराउन सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको छ ।

यसैगरि स्थानीय सरकार गम्भीर भई स्थानीय मिडिया एवं पत्रकारलाई समानुपातिक तरिकाले विज्ञापन उपलब्ध गराउन माग गरिएको छ । पत्रकारलाई रिपोर्टिङ गर्न कुनै वाधा, अवरोध नगर्न सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गराउँदै पत्रकारलाई पनि आचारसंहिताको पालना गरेर रिपोर्टिङ गर्न आग्रह समेत गरिएको छ ।

साथै बैठकले नेपाल पत्रकार महासंघ, शाखा सप्तरीको प्रबक्तामा शाखा सचिव खगेन्द्र कार्कीलाई प्रबक्ता तोक्ने निर्णय समेत गरिएको छ ।

### *महायज्ञको पूर्व ...*

यादवले जानकारी दिए ।

महायज्ञ भव्य र सभ्य बनाउन स्थानिय समाजसेवी अशोक कुमार मेहता श्रीलाल यादव, प्रदीप यादव, रामचन्द्र यादव, राधेश्याम यादव, भोला यादव, पुनम यादव, जुल्मी यादव, रामु यादव र सिताराम यादव सहित ५१ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ ।

त्यस्तै महायज्ञ स्थलमा ५२ अवतार भएको १०८ तथा विभिन्न देवी देवताका गरि कूल १५१ वटा मुर्ती निर्माण गरिएको छ ।


## क्षयरोगबाट बचौं र बचाऔं

- लगातार खोकी लाग्ने,
- खोकीमा रगत देखापर्ने,
- तौल घट्ने,
- फोक्सो दुखे वा असजिलो महसुस हुने जस्ता लक्षण क्षयरोगका लक्षण हुन सक्छन् ।

क्षयरोगबाट बच्न:

- धूम्रपान तथा मद्यपान नगरौं,
- धुवाँ धुलोमा नबसौं,
- खोक्दा हाच्छुँ गर्दा रुमालले नाकमुख छोपौं,
- बालबालिकालाई निश्चित समयमा बीसीजी खोप लगाऔं,
- क्षयरोग लागेका व्यक्तिभन्दा टाढै बसौं र रोगीको जुठो नखाऔं,
- क्षयरोगको शंकालागेमा चिकित्सकको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् । धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं । **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं ।**

**जनहीतका लागि : उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**


**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*